विधेयक संख्या :

# नरहरीनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**२०७६**

**नरहरीनाथ गाउँसभा सचिवालय**

**कुमालगाउँ, नरहरीनाथ**

## **उद्देश्य र कारण**

नरहरीनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही महसुल, कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न र हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजश्व, कर, शुल्क र दस्तुरको दर निर्धारण, त्यस्तो राजश्व, कर, शुल्क र दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पुरै छुट दिने व्यवस्था प्रस्ताव गरेको छ ।

द्रष्टव्य : यो विधेयक अर्थ विधेयक हो ।

**नरहरीनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**
**प्रस्तावनाः**

नरहरिनाथगाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय राजश्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा स्थानीय राजश्व प्रशासन सम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न बाञ्छनिय भएकोले,

नरहरीनाथ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ

१. **संक्षिप्तनाम र प्रारम्भः**(१) यस ऐनको नाम **आर्थिक ऐन २०७६**रहेको छ।

(२) यो ऐन २०७६।०४।०१ देखि नरहरिनाथ गाउँपालिका क्षेत्रम लागू हुनेछ।

२. **सम्पति करः**गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत)लगाइने र असूल उपर गरिनेछ।

४. **घरजग्गाबहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसुची ३ बमोजिम घर जग्गा,बहाल कर लगाइने र असूल गरिनेछ।

५.**व्यवसाय करवादर्ता शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय कर र घुम्ति व्यापारी कर वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, वनकस, कवाडी प्रचलित माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत व ामारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्वन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका सञ्चित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकुत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकुतभई सो कानुनमा अन्य  व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूची(९)मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलव्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कायाकिङ, क्यानोइङ, बन्जीजम्पिङ, जिपफ्लायर, ¥याफ्टीङ शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायाकिङ, क्यानोइङ, बन्जीजम्पिङ, जिपफ्लायर, ¥याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवाशुल्क र दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६. कर तथा संकलन सम्बन्धीकार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

गाउँपालिकाले लगाउने एकीकृत सम्पति कर

| सि.नं. | करयोग्यएकीकृत सम्पतिको मूल्य | बार्षिक करको दर | कैफियत |
|---|---|---|---|
| १ | पाँचलाख रुपैया सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु ५०।- | |
| २ | पचास लाख रुपैयाँ सम्मको | प्रतिलाख रु १०।- | |
| ३ | पचास लाख एक रुपैंया देखि एक करोड रुपैयाँ सम्मको | प्रतिलाख रु २०।- | |
| ४ | एक करोड एक रुपैयाँ देखि दुइ करोड रुपैयाँ सम्मको | प्रतिलाख रु २५।- | |
| ५ | दूइ करोड एक रुपैंया देखि पाँच करोड रुपैयाँ सम्मको | प्रतिलाख रु ५०।- | |
| ६ | पाँच करोड भन्दामाथि | प्रतिलाख रु ५०।- | |

अनुसूची-२

(दफा ३ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने भूमीकर (मालपोत)

| क्र.सं. | जग्गाको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | |

अनुसूची-३

(दफा ४ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने घरबहाल कर

| क्र.सं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | |

अनुसूची-४

(दफा ५ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने व्यवसायदर्ता शुल्क

क) व्यवसायदर्ता तथा नवीकरण शुल्क

| क्र.सं. | व्यवसायको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | चियानास्ता पसल | रु. २००।- | रु. १००।- |
| २ | खाना खाजा होटल | रु.५००।- | रु.२५०।- |
| ३ | खाद्य किराना पसल | रु. ५००।- | रु.२५०।- |
| ४ | काँचो कपडा पसल | रु.८००।- | रु.४००।- |
| ५ | फेन्सि पसल | रु.६००।- | रु. ३००।- |
| ६ | हार्डवेयर पसल | रु. १०००।- | रु.५००।- |
| ७ | भाँडा पसल | रु. ८००।- | रु.४००।- |
| ८ | औषधि पसल | रु.१०००।- | रु. ५००।- |
| ९ | एग्रोभेट पसल | रु. ५००।- | रु.२५०।- |
| १० | पशुपालन फर्म दर्ता | रु.१०००।- | रु.५००।- |
| ११ | राँगा भैंसी खरिद विक्री प्रति जनावर | रु. १००।- | |
| १२ | मदिरा पसल | रु. ३०००।- | रु.१५००।- |
| १३ | कुखुरा पालनव्यवसाय | रु. ५००।- | रु. २५०।- |

| | | | |
|---|---|---|---|
| १४ | सुनचाँदीपसल | रु.१०००।- | रु. ५००।- |
| १५ | इलेक्ट्रोनिकपसल | रु. १०००।- | रु. ५००।- |
| १६ | घुम्ति व्यापारी (कपडा)प्रतिमहिना | रु.५००।- | |
| १७ | घुम्ति व्यापारी (भाँडा) प्रतिमहिना | रु.१०००।- | |
| १८ | अन्य | रु.३००।- | |

ख) घरेलु तथा सानाउद्योग दर्ता तथा नवीकरण शुल्क

| क्र.स. | व्यवसाय, उद्योगको नाम | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | फर्निचर उद्योग | रु. १०००।- | रु. ५००।- |
| २ | पानी घट्ट | रु. १००।- | रु. ५०।- |
| ३ | सप्लार्यस | रु. २०००।- | रु.१०००।- |
| ४ | इन्स्टिच्यूट | रु. १०००।- | रु. ५००।- |
| ५ | मासु विक्रि व्यवसाय | ५०० | २५० |
| ६ | चाउमिन उद्योग | १००० | ५०० |
| ७ | सिलाई कटाई व्यवसाय | ५०० | २५० |
| ८ | आरन व्यवसाय | २५० | ५० |
| ९ | अल्लो उद्योग | ५०० | २५० |
| १० | दालमोठ उद्योग | १०० | ५० |
| ११ | चिया मसला उद्योग | १०० | ५० |
| १२ | छापाखाना | १००० | ५०० |
| १३ | अन्य | रु. ५००।- | रु. २५०।- |
| १४ | सूचीकृत सिफारिस | ५०० | |
| १५ | अन्य सिफारिस | २५० | |
| १५ | घ वर्गको इजाजत पत्र | ५००० | २००० |

## अनुसूची-५

(दफा ६ संग सम्बन्धित)

### गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी, घुम्ति व्यापारी र जीवजन्तु कर

| क्र.स. | करको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | चरिचरन (प्रतिजिवजन्तु प्रतिदिन)गा.पा भन्दा वाहिरका लागि मात्र मान्य हुनेछ । | रु. ५।- | |
| २ | बालुवा (प्रतिकट्ठा) | रु. ३।- | |
| ३ | सानो सतुवा | ५०।- प्रति केजी | |
| ४ | वन लसुन | रु. २५०।- प्रति केजी | |
| ५ | पदमचाल्नु | रु. ३।- प्रति केजी | |
| ६ | तितो ( चिराइतो ) | रु. २।- प्रति केजी | |
| ७ | कटुकी | रु. ३०।- प्रति केजी | |
| ८ | अत्तिस | रु. १५।- प्रति केजी | |
| ९ | निर्विसी | रु. ५।- प्रति केजी | |
| १० | भुल्ते ( जटामासी) | रु. ७५।- प्रति केजी | |

| | | | |
|---|---|---|---|
| ११ | सिमपाटी ( पाखनवेद) | रु. २।- प्रति केजी | |
| १२ | सुगन्धवाल | रु. १० प्रति केजी | |
| १३ | पडा खानी | रु. ३ प्रतिपडा | |
| १४ | टिमुर | रु. १५ प्रति केजी | |
| १५ | सतुवा ठुलो | रु. २५० प्रति केजी | |
| १६ | पदमचाल्नु | रु. ३ प्रति केजी | |
| १७ | खिरौला ( सेतो चिनी) | रु. २० प्रति केजी | |
| १८ | टुन्ना ( काइकलो ) | रु. १० प्रति केजी | |
| १९ | वन आलु | रु. २५ प्रति केजी | |
| २० | कमलवित्त | रु. २ प्रति केजी | |
| २१ | विषजरा | रु. ५ प्रति केजी | |
| २२ | लौंठ | रु. २ प्रति केजी | |
| २३ | लोक्ता ( वडु) | रु. १० प्रति केजी | |
| २४ | विषपेच( दाले) | रु. २ प्रति केजी | |
| २५ | सानो च्याउ | रु. २५ प्रति केजी | |
| २६ | ठुलो च्याउ | रु. २५० प्रति केजी | |
| २७ | गुच्ची च्याउ | रु. १५० प्रति केजी | |
| २८ | कुरिल्लो | रु. २० प्रति केजी | |
| २९ | नुन ढिक्के | रु. १५ प्रति केजी | |
| ३० | गाउँपालिका स्काभेटर प्रयोग गरे वापत शुल्क | रु. ४२००।- प्रति घण्टा | |

अनुसूची-६

(दफा७ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने सवारी साधन कर

| क.सं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची -७

(दफा ८ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने विज्ञापन कर

| क.सं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसुची -८

(दफा ९ संग सम्बन्धित)

गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| क.सं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - ९
(दफा १० संग सम्बन्धित)
गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क

| क्र.सं. | बहाल विटौरीको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची १०
(दफा ११ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने पार्किङ शूल्क

| क्र.सं. | सवारी साधनको प्रकार | पार्किङ शूल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची-११
(दफा ११ गि सम्बन्धित)
गाउँपालिकाले लगाउने ट्रेकिङ, कायाकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग,जिपफ्लायर र र्‍याफ्टीङ शुल्क

| क्र.सं. | ट्रेकिङ, कायाकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्गजिपफ्लायर र र्‍याफ्टीङ प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची -१२
(दफा १३ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने सेवाशुल्क, दस्तुर

| क्र.सं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक सिफारिस दस्तुर | रु. ५०।- | |
| २ | सम्पति मूल्यांकन सिफारिस (प्रतिहजार) | रु. ०.८०।- | |
| ३ | वाह्यसिफारिस दस्तुर | रु. १००।- | |
| ४ | म्याद नाघी आएका पञ्जिकरण दस्तुर | रु. १००।- | |
| ५ | प्रतिलिपि पञ्जिकरण दस्तुर | रु. २१०।- | |
| ६ | योजनाको भुक्तानी सिफारिस दस्तुर (प्रतिलाख) | रु. ५००।- | |
| ७ | थपकक्षा दस्तुर | | |

| | | | |
|---|---|---|---|
| | क) आधारभूतविद्यालय<br>ख) माध्यमिकविद्यालय | रु. १०००।-<br>रु. १५००।- | |
| ८ | नियूक्ति समर्थन (विद्यालय)<br>क) आधारभूततह<br>ख) माध्यामिकतह | <br>रु. ७००।-<br>रु. १०००।- | |
| ९ | परीक्षा दस्तुर<br>क) राजपत्राङ्कितश्रेणीको लागी<br>प्रत्येक समावेशी समुहको लागी थप<br>ख) राजपत्र अनङिकत श्रेणीको लागि<br>प्रत्येक समावेशी समुहको लागि थप दस्तुर | <br>रु. १०००।-<br>रु. २००।-<br>रु. ५००।-<br>रु. १५०।- | |

## अनुसूची - १३
(दफा १४ संग सम्बन्धित)
### गाउँपालिकालेलगाउने पर्यटन शुल्क

| क.सं. | पर्यटकको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |